परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक १२ २०८० असोज २८ गते आईतवार Sunday 15, OCT 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## ९ करोड रकम लिएर फरार भएका सहकारी संचालकलाई कारवाही गर्न माग



माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाका बचत कर्ताहरुले पत्रकार सम्मेलन गर्दै । तस्वीर : मंजु शर्मा

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरबाट एक सहकारी संस्थाका संचालकहरुले करोडौ रकम ठगी बेपत्ता भएपछि बचत कर्ताहरु विचल्लीमा परेका छन् ।

विराटनगर महानगरपालिका वडा नं. ७ मा प्रधान कार्यालय रहेको माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाका बचत कर्ताहरुले असोज २२ गते सोमवार पत्रकार सम्मेलन गरी संचालकहरुले करीब ९ करोड रुपैयाँभन्दा बढी रकम घोटाला गरी वेपत्ता भएको आरोप लगाएका छन् ।

दर्जनौको समूहमा आएका बचत कर्ताहरुले चरणबद्ध आन्दोलनको घोषणा गर्दे सहकारी डिभिजन कार्यालयका कर्मचारीको मिलोमतोमा संचालकहरु फरार भएको र बचत कर्ताहरुको रकम डुवेको आरोप लगाएका छन् । सहकारी डिभिजन कार्यालय को एक कर्मचारीको रोहवरमा बचत फिता गर्ने मौखिक सहमती दिएर भागेको उनीहरुको भनाई छ ।

जिल्ला सहकारी संघ मोरंगका संचालक सदस्य उमेश गुरुङको संयोजकत्वमा राष्ट्रिय सहकारी बैक लिमिटेड विराटनगरका प्रमुख प्रभु पोखरेल, सोही सहकाारी संस्थाका दुई शेयर सदस्यहरु उत्तम ढुगेल र श्यामराज कोइराला सदस्य रहेको छानविन समितिले सहकारीमा पाँच सयभन्दा वढी बचतकर्ताहरुको ९ करोड २५ लाख ९१ हजार हिनामिना भएको तथ्याक सार्वजनिक गरेको थियो ।

प्रतिवेदनमा सहकारीका सञ्चालक तथा व्यवस्थापक अमित कार्कीले सर्वाधिक ४ करोड ७३ लाख ७४ हजार ९ सय ५६ रुपैयाँ हिनामिना गरेको जनाइएको छ ।

त्यसैगरी, अर्का सञ्चालक प्रभाकर थापाले १ करोड ६० लाख ३३ हजार, अध्यक्ष अमलेश कुमार कर्णले १ करोड ४७ लाख ८३ हजार र कोषाध्यक्ष राधादेवी लिम्बूले १ करोड ४३ लाख ९९ हजार रुपैयाँ अनियमितता गरेको प्रतिवेदनमा समेत उल्लेख छ । प्रतिवेदन सार्वजनिक भएपछि सहकारीका अध्यक्ष कर्ण सहित तीनै जना फरार भएका छन् ।

सहकारीको आर्थिक अवस्था कमजोर हुँदैको र बचतकर्ताको गुनासो बढ्दै गएपछि प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय कोशी प्रदेशले असार २५ गते दुई साताभित्र सहकारीको आर्थिक पाटो छानबिन गरी प्रतिवेदन बुझाउन समिति नै गठन गरेका थिए ।

प्रतिवेदनमा अध्यक्ष कर्ण सञ्चालक समितिका सदस्य

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेशको मुख्यमन्त्रीमा माननीय केदार कार्की नियुक्त

विराटनगर । कोशी प्रदेशको मुख्यमन्त्रीमा काँग्रेस सांसद केदार कार्की नियुक्त भएका छन् । प्रदेश प्रमुख पर्शुराम खापुङले उनलाई समर्थन गर्ने एमालेका ३९ र काँग्रेसका ८ सांसदको हस्ताक्षर सनाखत गरेपछि मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

मुख्यमन्त्रीका लागि गठबन्धन को तर्फबाट माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले पनि दाबी पेश गरेका थिए । यद्यपि अन्तिम समयमा उनले आफ्नो दाबी कमजोर रहेको र शीर्ष नेताबीच छलफल जारी रहेको हुँदा सनाखत तत्काल नगराउने बताएका थिए ।

संविधानको धारा १६८ को उपधारा (५) अनुसार कार्की मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । यसअघि असोज २० गते मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत नपुग्ने भएपछि राजीनामा दिएका थिए । प्रदेशसभामा रहेका ९३ सांसदमध्ये बहुमतका लागि ४७ सांसदको समर्थन चाहिन्छ । कार्कीले काँग्रेसका ८ सांसद लिएर एमालेको समर्थनमा मुख्यमन्त्री बनेका हुन् ।

कोशी प्रदेशका नवनियुक्त मुख्यमन्त्री केदार कार्कीको शपथग्रहण आज हुने भएको छ । कार्कीलाई प्रदेश प्रमुख पर्शुराम खापुङले शनिवार मुख्यमन्त्रीमा नियुक्त गरेका थिए ।

कार्कीलाई एमालेका ३९ र काँग्रेसका ८ सांसदले समर्थन गर्दै संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री बनाउन हस्ताक्षर गर्दै निवेदन दिएका थिए । उक्त हस्ताक्षरको सनाखत गरेपछि प्रदेश प्रमुख खापुङले कार्कीलाई मुख्यमन्त्री नियुक्त गरेका थिए ।

मुख्यमन्त्रीका लागि गठबन्धनको तर्फबाट माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले पनि दाबी पेश गरेका थिए । यद्यपि अन्तिम समयमा उनले आफ्नो दाबी कमजोर रहेको र शीर्ष नेताबीच छलफल जारी रहेको हुँदा सनाखत तत्काल नगराउने बताएका थिए ।

यसअघि असोज २० गते मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत नपुग्ने भएपछि राजीनामा दिएका थिए । प्रदेशसभामा रहेका ९३ सांसदमध्ये बहुमतका लागि ४७ सांसदको समर्थन चाहिन्छ । कार्कीले काँग्रेसका ८ सांसद लिएर एमालेको समर्थनमा मुख्यमन्त्री बनेका हुन् ।

## सुरक्षित यात्राको लागि सहायता कक्ष

विराटनगर । जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरंगले, जिल्ला प्रहरी कार्यालय मोरङ, मातहतका प्रहरी कार्यालयहरू र यातायात व्यवस्था सम्बन्ध संस्थाहरू समेतको समन्वय र सहकार्यमा यात्रुहरुको लागि सहायता कक्ष संचालनमा ल्याएको छ ।

नेपालीहरूको महान चाड पर्व विजया दशमी, शुभ दिपावली र छठको समयमा यात्रा गर्ने यात्रुहरूको सहजता र सुरक्षित यात्राको लागि यात्रु सहायता कक्ष संचालनमा ल्याईएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ, मातहतका प्रहरी कार्यालयहरू र यातायात व्यवस्था सम्बन्ध संस्थाहरू समेतको समन्वय र सहकार्यमा सहायत कक्ष संचालनमा ल्याएको छ ।

यात्रुहरुले विराटनगरको बसपार्क, उर्लाबारी, पथरी, बेलबारी, विराटचोक र रंगेली

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मय शुभकामना व्यक्त ग
Wellhope Drug Distributors
Biratnagar-19 Milan chowk

स्वच्छ खाद्य पदार्थ उपभोगका लाग अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रंग भएका रंगीचंगी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्वन्धित निकायमा जानकारी गराऔं ।
- साथै खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर
सम्पर्क :- ०२१४७०८२८

SUKRATARA FURNITURE UDYOG
9842033365
9805391277
BIRATNAGAR
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

# घरघरमा पुजाआजा गरी घटस्थापना

विराटनगर । नवरात्रको पहिलो दिन आईतवार घरघरमा विधिपूर्वक पूजा-आजागरी घटस्थापना राख्ने भएका छन् । घटस्थापनाको दिन विधिपूर्वक नवदूर्गा खडा गर्ने, त्यसैमा जमरा राख्ने र नित्य १० दिनसम्म पूजा गर्नको लागि छुट्टै किसिमको दशैंघरको रूपमा विकास गर्ने गरिन्छ ।

घटस्थापनामा नौ वटा शुद्ध पातबाट बनेको बोहोतामा शुद्ध माटो राखेर त्यसमा जौ, धान, मकै जस्ता अन्न छरिन्छ । यी सबै विधि सुरु हुनुपूर्व दशैंघरलाई नै शुद्ध बनाउनु पर्छ । जमरामा जौ सबै क्षेत्र र जातिका मान्छेले राख्ने गर्छन् । तर मकै र धान भने केही जातिले राख्छन् धेरैले राख्दैनन् ।

विजयादशमीको दिन पहेँलो जमरा लगाउने गरिन्छ । जमरा पहेँलो होस् भन्नेको लागि नै सूर्यको किरण देखाउनु हुँदैन भन्ने मान्यता छ । त्यो पूजा विधि गोप्य हुने भएकोले पूजारी बाहेक अरूले हेर्न समेत हुँदैन भन्ने मान्यता छ ।

यसरी नौ वटा बोहोतामा चामल र कलश सहित स्थापना गरिएका देवीलाई छुट्टाछुट्टै दिनमा विशेष पूजा गरिन्छ । तोकिएको दिनबाहेक अरु दिन अरूदेवीलाई दूर्गाको परिवारको रुपमा सामान्य पूजा मात्रै गरिन्छ । जस्तो नवरात्रको पहिलोदिन शैलपूत्रीको पूजा हुन्छ । यस दिन अरु देवीको सामान्य पूजा मात्रै हुन्छ भने देवीको यो स्वरुपको विशेष पूजा हुन्छ ।

यो नौ दिनसम्म सम्भव हुनेले शक्तिपीठमा गएर पनि पूजा गर्ने गर्छन् । यसरी नौ दिनसम्म गोप्य पूजाविधिबाट पूजा गरेको जमरालाई विजयादशमीको दिन विधिपूर्वक आफ्ना मान्यजनको हातबाट जमरा लगाएर आशीर्वाद लिने गरिन्छ । बलीको चलन भएकाहरूले आफ्नो संस्कार अनुसार सप्तमी, अष्टमी र नवमीको दिन बली दिने गर्छन् । तर दशमीको दिन भने बिहान नित्य पूजा सम्पन्न गरेर शुभ साइतमा टीका मात्रै लगाउने गरिन्छ ।

कुन दिन कुन देवीको हुन्छ पूजा ?

नवरात्रको पहिलो दिन अर्थात् आईतवार देवी शैलपुत्रीको पूजा आराधना गरी नवरात्रको सुरुवात गरिन्छ । शैलपुत्री भनेको पार्वतीको स्वरूप हो । आफ्ना पति महादेवको आलोचना सुन्न नसकेर अग्निमा हामफालेकी सतिदेवीले अर्को जन्ममा हिमालयकी पुत्री पार्वतीको रुपमा जन्म भएको भन्ने स्कन्धपुराणमा उल्लेख छ । तिनै पार्वती स्वरुपको पहिलो दिन पूजा गर्ने गरिन्छ ।

दोस्रो दिन ब्रह्मचारिणी देवीको पूजा हुने गर्छ । यहाँ ब्रह्म शब्दको अर्थ तपस्या भन्ने हो । ब्रह्मचारिणी अर्थात् तपको आचरण गर्ने यी देवीको उपासनाले मनुष्यमा तप, त्याग, वैराग्य, सदाचार, संयमको वृद्धि हुन्छ भन्ने मान्यता छ ।

त्यस्तै, तेस्रो दिन आराधना गरिने देवी चन्द्र घण्टा, चौथो दिन कूष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी को दिनसम्म सामान्य दशैं घरमा पूजा बाहेक खासै विशेष केही पनि कर्म गरिँदैन ।

तर दशैंको सातौ दिन अर्थात् सप्तमीको दिनदेखिको ४ दिन दशैंको विशेष कर्म हुने गर्छ । सप्तमीको दिन आफ्नो घरमा भएका हतियारहरूको पूजा गरिन्छ । सो दिन कालरात्रि देवीको पूजा हुन्छ । देख्दै भयंकर स्वरुपकी ती देवीको बाहेक अरु सबैको पूजा दिउँसोमा हुने गर्छ । त्यस्तै, अष्टमीको दिन महागौरी र दसैंको नवमीको दिन सिद्धिदात्रीको पूजा गर्ने गरिन्छ ।

दशैंको १० औं दिन अर्थात् विजयादशमीको दिन दशैंको मुख्य दिन हो । नौ दिनसम्मको महिसासुर र देवीबीचको युद्धमा दशमीको दिन महिसासुरलाई दूर्गाले वध गरेको उपलक्ष्यमा विजयको टीका लगाउने गरिन्छ ।

कुल चार प्रकारको दशैंमध्ये असोज महिनामा मनाइने यो दशैंलाई बडा दशैं भन्ने गरिन्छ । यो दिन नै आफूभन्दा ठूलाको हातबाट टीका र जमरा लगाएर आशीर्वाद लिने गरिन्छ ।

शास्त्रीय मान्यता अनुसार टीकाको ५ दिन अर्थात् पूर्णिमासम्म दशैंको टीका लगाउने चलन छ । तर गण्डकी प्रदेशका केही ठाउँमा भने दशैंको दिनमात्रै टीका लगाउने चलन छ ।

बेटाबेटी मे भेदभाव नै करू, दोनोके स्कूल भेजु ।

## कागती...

पानीमा हालेर कुल्ला गर्नाले मुख गन्हाउने समस्या हट्छ। त्यस्तै मुखको घाउ र दाँतबाट रगत आउने निको हुन्छ ।

पसिना गन्हाउने समस्या भएकाहरूले पानीमा दुई चम्चा कागतीको रस राखेर नुहाउने, नुहाइ सकेपछि कागतीको बोक्रा काखी र खुट्टामा दल्ने गर्दा समस्या कम हुन्छ ।

जुम्रा पर्दा पनि कागतीको प्रयोग गर्न सकिन्छ । दुई चम्चा जति कागतीको रस र एक-दुई चम्चा लसुनको लेदो बनाएर तीन-चार घण्टासम्म टाउकामा यसको लेदोले मसाज गर्दा जुम्रा मर्छ




## ९ करोड...

हरूले ९ करोड २५ लाख ९१ हजार ६ सय १ रुपैयाँ अनियमितता भएको जनाइएको छ । समितिले हिसाबकिताब फरछ्योट गर्न एक साताको समय बितिसक्दासमेत सहकारीका सञ्चालक सम्पर्कमा नआएर फरार भएका छन् ।

हिनामिनामा मुछिएका सञ्चालकहरूले आफन्तको नाममा जग्गा खरिद गरेको र विभिन्न बैंकमा रकम राखेको बचत कर्ताहरुले लगाएका छन् ।

## सुरक्षित...

समेतमा गरी ६ स्थानमा स्थापना गरिएको सहायता कक्षबाट सेवा प्रवाह हुने जिल्ला प्रहरी कार्यालय मोरंगका प्रवक्ता एवंम सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रन्जन कुमार दाहालले जानकारी गराए ।


## लम्पी स्किन रोगबाट बचाउने उपायहरु

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन :**

- झिँगा, लामखुट्टे किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं ।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरूद्धको खोप बर्षेनी लगाऔं ।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं ।
- रोगी पशुलाई सामुहिक चरन, खर्क, हाहालमा नलैजाऔं ।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं ।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं ।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं ।
- पशुचिकित्सकसँग परामर्श गरी लम्पी स्किन रोग विरुद्ध खोप लगाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



हार्दिक मंगलमय
शुभकामना

२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग

पारस हस्पिटल, परिवार
महेन्द्र चौक, विराटनगर

हार्दिक मंगलमय
शुभकामना

२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग

नविन रिजाल (अध्यक्ष)
मोरंग व्यापार संघ परिवार

हार्दिक मंगलमय
शुभकामना

२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वडावासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

दिल बहादुर गुरुङ (अध्यक्ष)
बर्जु गाउँपालिका वडा नं. १

महेन्द्र प्रसाद कामत (अध्यक्ष)
बर्जु गाउँपालिका वडा नं. २

बिनोद कुमार गुरुङ (अध्यक्ष)
बर्जु गाउँपालिका वडा नं. ३

बिनोद बहादुर गुरुङ (अध्यक्ष)
बर्जु गाउँपालिका वडा नं. ४

अजय कुमार चौधरी (अध्यक्ष)
बर्जु गाउँपालिका वडा नं. ५

अशोक कुमार चौधरी (अध्यक्ष)
बर्जु गाउँपालिका वडा नं. ६


परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन साप्ताहिक

## सम्पादकीय

# कोशीमा नयाँ समिकरण

कोशी प्रदेशमा देखिएको अस्थिर राजनीति परिवेश स्थिरता तिर उन्मुख भएको छ , लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्था लागु भएपछि मुलुकमा तीन तहको सरकार रहेको छ , संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकार संघियताको मुख्य आधार रहेको प्रदेश सरकारमा अस्थिरता खडा भएको छ , २०७९ को मंसिरमा भएको निर्वाचनपछिको एक वर्षमा कोसी प्रदेशमा ६ पटक त सरकार परिवर्तन भइसकेको छ , सुरुआतमा २०७९ पुस २५ मा माओवादी केन्द्रको समर्थनमा एमाले नेता हिक्मतकुमार कार्की मुख्यमन्त्री भए थिए , तर संघमा एमाले र माओवादी केन्द्रको सहकार्य टुटेपछि त्यो असर प्रदेश सरकारमा पनि पऱ्यो , सोही प्रभावका कारण कोशी प्रदेशमा माओवादीलगायतको सत्तारूढ गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका उद्धव थापा मुख्यमन्त्री भएका थिए ,

कोसी प्रदेशमा गडबन्धन राजनीतिक दल बहुमत जुटाउन असंवैधानिक तरीकाले सभामुखलाई राजीनामा गराएर मत हाल्न लगाइयो , सो विषयको विवाद सर्वोच्च अदालत सम्म पुग्यो जसलाई अदालतले समेत असंवैधानिक ठहर गरेपछि नेकपा एमालेका नेता हिक्मत कार्कीकै नेतृत्वमा अल्पमतको सरकार गठन भयो , नेकपा एमालेले विश्वासको मत पाउने आधार नदेखेपछि काकर्कीले राजीनामा दिएका थिए , त्यसपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ (५) अनुसार प्रदेश प्रमुखले सरकार गठन गर्न आह्वान गरेपछि दुई प्रदेश सभा सदस्यले ४७/४७ सदस्यको हस्ताक्षर सहित मुख्यमन्त्रीमा नियुक्त गरी पाउ भनी पत्र बुझाएका थिए ,

गठबन्धनमा रहेको नेपाली कांग्रेसका नेता केदार कार्कीले ८ बटा प्रदेश सदस्य सहित नेकपा एमालेको समर्थनमा मुख्यमन्त्री नियुक्त भएको छ , आज मुख्यमन्त्रीको सपथ ग्रहण भई सानो आकारको मन्त्रीहरुको समेत नियुक्त हुने छ , यतिबेला कांग्रेस नै दुई धारमा पुगेको छ , संस्थापन धार माओवादी नेता इन्द्रबहादुर आङ्बोलाई मुख्यमन्त्री बनाउन लागेको छ। शेखर कोइराला धार कांग्रेसकै नेता केदार कार्कीको पक्षमा लागेको छ , कोशी प्रदेशको नयाँ समिकरणले संघिय सरकारमा समेत प्रभाव पार्ने सक्ने आंकलन अहिले भई रहको छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** युवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुने प्रवल सम्भावन देखिन्छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# जिल्ला न्यायाधीशको परीक्षामा भएको के हो ?

अमित उप्रेती

जिल्ला न्यायाधीशको परीक्षामा २११ परीक्षार्थीमध्ये १ जना मात्र पास भएको बारे विगत केही हप्तादेखि धेरैजसो सञ्चार माध्यमबाट समाचार सम्प्रेषण भए । सँगसँगै केही दिनपछि उत्तीर्ण नै नहुने ती परीक्षार्थी जिल्ला न्यायाधीश भएको भन्ने समाचार सम्प्रेषित भए ।

परीक्षाको नतिजा निस्किनु अगाडि नै व्यवस्थापिका संसदमा केही नेपाल ऐन संशोधन विधेयक अन्तर्गत न्याय सेवा आयोग ऐनमा उल्लेखित जिल्ला न्यायाधीशको परीक्षाको उत्तीर्णाङ्क ५० बाट ४० मा कायम गर्ने संशोधन प्रस्ताव विचाराधीन रहेको भनेर सुनिएकै थियो। त्यसैमा केही संसदीय दलबाट सो संशोधन प्रस्ताव विपरीत यथावत् नै राख्नुपर्ने भन्ने मत पनि सामाजिक सञ्जालमा उजागर भएको पाइन्छ ।

यी पृष्ठभूमिमा केही पेचिलो प्रश्न उजागर भएको छ र ती प्रश्नहरूको निराकरण न्याय पालिकाको जनआस्था र कार्य क्षमताको श्रीवृद्धिसँग प्रत्यक्षत: रूपमा जोडिएका छन् ।

पहिलो प्रश्न, किन धेरै जिल्ला न्यायाधीश परीक्षामा असफल भए ? दोस्रो प्रश्न, अनुत्तीर्णलाई नै जिल्ला न्यायाधीशमा नियुक्त गर्नु कानुनसम्मत र असल अभ्यास हो, होइन ? र तेस्रो प्रश्न, जिल्ला न्यायाधीशको परीक्षाको उत्तीर्णाङ्क ५० बाट ४० कायम गर्नु विवेकसम्मत र आवश्यक हो, होइन ?

जिल्ला न्यायाधीशको परीक्षामा म आफैं संलग्न भई अनुत्तीर्ण भएको अनुभव छ । मुख्यत : यस सम्बन्धमा नीतिनिर्माता र सर्वसाधारणमा यो अवस्था र यसको निकासको लागि उपयुक्त कदम के हुनसक्छ भनी यस लेखमा प्रष्ट पार्न खोजेको छु ।

पहिलो प्रश्नमा, नेपालको संविधानले जिल्ला न्यायाधीशको रिक्तमध्ये ८० प्रतिशत पद प्रतियोगितात्मक लिखित परीक्षा बाट हुनुपर्ने भन्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ। जसमध्ये, ४० प्रतिशत न्याय सेवाका कर्मचारीहरूमध्ये उपसचिव भएका ३ वर्ष पुगेकाहरू मध्येबाट तथा बाँकी ४० प्रतिशत खुल्ला तवरबाट जहाँ कानुन व्यवसायी पनि भाग लिन सक्नेछन् ।

हिजो परीक्षार्थी रहेका कानुन व्यवसायी कोही पनि उत्तीर्ण हुन नसकेकोमा न्याय सेवाको कर्मचारी वृत्तबाट कानुन व्यवसायीलाई खिसी टिउरी भइरहेकोमा सो खिसीटिउरी गरेको कर्म न्याय सेवाका कर्मचारीहरू आफैंतर्फ तेर्सिएको पनि छ ।

सँगसँगै, कानुन व्यवसायी, सरकारी वकिल र कानुन समूहबाट पनि न्याय (अदालत) समूहलाई बढी नियुक्त गर्नको लागि जानी-जानी परीक्षामा उत्तीर्ण हुन अप्ठ्यारो पारेको भनी शंका गर्ने पनि उत्तिकै छन् ।

अब प्रश्न उठ्छ- परीक्षा त्यस्तो गाह्रो भई परीक्षार्थीले उत्तीर्ण गर्न नसकेको हो कि परीक्षा प्रणाली नै त्रुटिपूर्ण हो ? जिल्ला अदालतको परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत रहेको तर परीक्षाको जाँच भने लोकसेवाको परीक्षामा ४० प्रतिशत उत्तीर्णाङ्कको पेपर काट्ने जाँचमा अभ्यस्त भएका विज्ञहरूको व्यवहारगत बानीको कार्यगत ढाँचाको कारणबाट ५० प्रतिशत पास अंक भएको परीक्षामा धेरै अनुत्तीर्ण भएका हुन सक्दछन् ।

सामाजिक मनोविज्ञानले मानिसको बानी निरन्तर रूपमा एउटै कार्य गरेपछि स्वत : त्यसको बानी लाग्ने (अटोमेटिज्म) र त्यस्तो व्यवहार लाई अवस्थितिले प्रभाव पार्ने भई सोही अवस्थितिमा त्यसैको निरन्तरता हुन्छ भनी मानेको छ। जस्तो कानुनको स्नातकोतर परीक्षामा त्रिभुवन विश्व विद्यालयबाट पहिलो हुनेले विरैले ६० प्रतिशत ल्याएको हुन्छन् भने पूर्वाञ्चल विश्व विद्यालयमा प्रथम हुनेले ८० प्रतिशत माथि अंक ल्याएका हुन्छन् ।

के त्यसो भए पूर्वाञ्चल विश्वविद्यालयमा स्नातकोत्तर पढ्ने विद्यार्थी बढी क्षमतावान् हुन् त ? अवश्य हैन। यसमा परीक्षाको प्रणालीगत पक्षले बढी प्रभाव गरेको हुन्छ । त्यसैगरी, जिल्ला न्यायाधीशको परीक्षामा थोरै उत्तीर्ण हुनुमा यस्तै प्रणालीगत र व्यवहारगत पक्ष हावी भई थोरै मात्र पास भएका हुन सक्दछन् ।

न्याय सेवा आयोगले जाँच गर्दा विश्वसनीयता नदेखिएको तथा परीक्षा गराउने प्राविधिक दक्षताको अभावले लोकसेवा आयोगबाट लिखित नतिजाको प्रश्नपत्र निर्माण र जाँच गरिन्छ । लेखकलाई यहाँ एउटा के अस्पष्टता छ भने जिल्ला न्यायाधीशको परीक्षामा लिखित परीक्षाको जाँच लोकसेवा आयोगबाट आफ्नै निर्देशिका बमोजिम गरियो कि न्याय सेवा आयोगको नियमावली वा निर्देशिका बमोजिम ?

न्याय सेवा आयोगको वेबसाइटमा परीक्षा जाँज सम्बन्धी निर्देशिका नराखिएकोले लोकसेवा आयोगकै निर्देशिका बमोजिम जाँच गरिएको हुनसक्ने अनुमान गरिएको छ। यसबाट समस्या कहाँ उत्पन्न भएको छ भने न्याय सेवा आयोगले तयार गरेको ५० पास अंक रहेको पाँच पत्रको पाठ्यक्रम लोकसेवा आयोगको ४० उत्तीर्णाङ्क हुने परीक्षा जाँच प्रणालीबाट जाँच हुँदा यस्तो परिणाम देखिएको हुन सक्दछ ।

यदि जिल्ला न्यायाधीशको परीक्षामा आधा जस्तो उत्तीर्ण भएका थिए भने प्रणालीगत त्रुटि रहेको भनी मान्न मिल्ने अवस्था हुँदैनथ्यो होला । तर, थोरै औंलाको गिन्तीमा मात्र आउने परीक्षार्थी हरू मात्र उत्तीर्ण हुनुले प्रणालीगत त्रुटि नै संकेत गर्दछ । लोकसेवा बाट परीक्षाको जाँच हुने भएपछि त्यहाँबाट उपसचिव/सहसचिव को परीक्षाको जाँच गर्ने विज्ञहरू बाट नै जाँचकी हुन्छ नै । उनीहरूले सोही लोकसेवा आयोगको अवस्थिति र मान्यतामा आधारित रही जाँच गर्दा ज्यादातर ५० प्रतिशत भन्दा कम नै अंक दिने प्रचलन छ ।

यस्तो हुनुमा लोकसेवा आयोगको निर्देशिका बमोजिम नै उत्तरपुस्तिका परीक्षण गर्दा साधारण स्तरमा '४० वा सोभन्दा बढी ५० प्रतिशतसम्म' भित्र पर्ने अंक दिने कार्यगत बानी लागिसकेको हुनसक्दछ ।

म आफैंले २०७८ सालको परीक्षामा उपसचिव परीक्षामा न्याय समूहतर्फ प्रथम हुँदा ५१ प्रतिशत ल्याएको थिएँ भने २०७९ सालको न्याय समूहकै सहसचिव मा वैकल्पिक उम्मेदवारतर्फ सिफारिस हुँदा ५२ प्रतिशत ल्याएको थिएँ । यसमा तीन वटा पत्रको उत्तीर्णाङ्क ४० हुन्छ भने न्यायाधीशको जाँचमा पाँच वटा पत्र हुन्छन् र उत्तीर्णाङ्क प्रत्येक पत्रमा ५० भएपछि अनुत्तीर्णाङ्क प्रतिशत धेरै बढ्न जाने स्वत : देखिन्छ ।

यसरी न्याय सेवा आयोगको परीक्षा गर्ने ५० प्रतिशत उत्तीर्ण हुनुपर्ने मानक लोकसेवा आयोगको ४० प्रतिशतमा पास हुने प्रणालीसँग मिसाउँदा परिणाम लोकसेवा आयोगको मानक र स्तरमा उत्तीर्ण भएको तर न्याय सेवा आयोगको मानकमा अनुत्तीर्ण भएको निष्कर्ष निकाल्न सकिन्छ । यसरी उत्कृष्ट परीक्षा प्रणाली बनाउन खोज्दा ऊँटको कथा जस्तो भएको छ ।

यदि ऐनमा उल्लेखित ५० उत्तीर्णाङ्कको हकमा ऐनमा संशोधन नगरिकन पनि न्याय सेवा आयोग वा लोकसेवा आयोगले आफ्नो निर्देशिकामा उल्लेखित साधारण स्तरमा '४० वा सोभन्दा बढी ५० प्रतिशतसम्म' लाई '५० वा सोभन्दा बढी ६० प्रतिशत' कायम गरिदिएको थियो भने र सोही अनुरूप विज्ञलाई अभिमुखीकरण दिएको थियो भने उत्तीर्णाङ्क दर बढ्ने थियो । फलत: उत्तीर्ण व्यक्ति नै न्यायाधीशमा सिफारिस हुनसक्थे ।

उल्लेखित कारणलाई समेत ध्यान दिंदै सम्बन्धित न्याय सेवा आयोग वा न्यायपरिषदले भएको के हो भनी अझ विस्तृत अध्ययन गरी कारण पहिल्याउन सक्दछ ।

दोस्रो, जिल्ला न्यायाधीशको परीक्षाबाट अनुत्तीर्ण भएकोले लगत्तै न्यायाधीश नियुक्ति गर्नु कति जायज छ भन्ने प्रश्नतर्फ हेरौं। न्यायपरिषद् ऐन, २०७३ को दफा ६(४) ले यदि लिखित परीक्षाको विज्ञापनबाट उपयुक्त उम्मेदवार सिफारिस हुन नसकेमा संविधानको धारा १४९(२)(क) को व्यवस्था अनुरूप गर्न खुल्ला नै गरेको पाइन्छ । तथापि, अनुत्तीर्णलाई लगत्तै न्यायाधीश नियुक्ति गर्दा सञ्चार क्षेत्र हुँदै आम नागरिकले समेत आलोचना गर्ने भइहाले। यसले व्यवस्थाप्रति नै अविश्वास र निराशा बढ्ने अवस्था सिर्जना हुन्छ ।

कम्तीमा केही समय (कुलिङ पिरियड) दिएर निश्चित प्रक्रिया र मापदण्डबाट नियुक्ति गर्दा उत्तम हुन्थ्यो। नियुक्ति गरी नै सकेपछि चाहिं नियुक्ति गर्ने निकाय न्यायपरिषद्बाट सार्वजनिक जवाफदेही वहन गरी पारदर्शिता देखाई किन त्यस्तो निर्णय गरियो भन्ने कारण स्वतस्फूर्त सम्प्रेषित गरिएको भए सुशासनको वैधता प्राप्त हुन्थ्यो ।

यसले न न्यायपालिकाको जनआस्था वृद्धि गर्न सक्यो, न त अनुत्तीर्ण भई न्यायाधीश नियुक्ति लिने न्यायाधीशको प्रतिष्ठा राख्न सक्यो । केवल न्यायाधीश नियुक्ति गर्नु नै ठूलो विजय जस्तो भएको छ हामीलाई र यसैलाई नै ठूलो उपलब्धि मानिआएका छौं । न मापदण्ड चाहिने न त यस्तो प्रक्रियाबाट नियुक्ति भएको थियो भन्ने प्रक्रियागत कार्यविधि नै ।

नियुक्ति कानुनत: मिल्ने नै थियो र निजामती सेवा अन्तर्गत पनि प्रतिस्पर्धात्मक परीक्षाबाट पास हुन नसकेको हकमा पनि कानुन बमोजिम बढुवा हुँदै आएको छ । केवल परीक्षामा भाग लिएको आधारमा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरूवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# थारु कल्याणकारी सभा मोरंगको निर्वाचन गर्न नयाँ निर्वाचन मण्डल गठन गर्न माग



विराटनगर । थारु कल्याणकारी सभा मोरंगको निर्वाचन विधान सम्मत गर्न नयां निर्वाचन मण्डल गठन गर्नुपर्नेथाकस मोरंगको सभापतिका उम्मेदर प्रदीपकुमार विश्वासको समुहले माग गरेका छन् ।

नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी प्रमुख निर्वाचन अधिकृत पुनितलाल चौधरीले मोरंगका थारु समुदायलाई एक-आपसमा मुडभेडको वातावरण सृजना गरको आरोप लगाउँदै नयाँ निर्वाचन मण्डल गठन गरी निर्वाचन गर्न माग गरको हो ।

थारु कल्याणकारी सभा मोरंग जिल्लाको १० औं महाधिवेशन गर्न पुनितलाल चौधरीलाई प्रमुख निर्वाचन अधिकृत तोकिएकोमा अधिकृतले सभाको विधान २०७५ अनुसार विधानको परिच्छेद ७ को दफा ३१ मा १ सभापति समेत १५ देखि २१ सदस्य जिल्ला कार्य समिति हुनेछ भनी व्यवस्था हुँदा हुँदै सो व्यवस्थालाई वेवास्ता गर्दै निर्वाचन अधिकृत गैरजिम्मेवारी रुपमा सभापति वाहेक असोज २३ गते निर्वाचन गर्न पत्रचार गरेको थियो ।

सो अगावै निर्वाचन अधिकृत पुनितलाल चौधरीले उच्च अदालत विराटनगरमा लिखित जवाफ पेश गर्नुपर्ने निर्देशन, जिल्ला प्रशासन कार्यालय मोरंगको निर्देशन र समुदाय भित्र देखिएको असहज परिस्थितीका कारण २१ गते थाकसको निर्वाचन स्थगित भएको सूचना निकालिएको थियो ।

सो सूचना निकाले पछि विश्वासको समूहले प्रमुख निर्वाचन अधिकृत चौधरीकै कारण निर्वाचन स्थगित गर्नु परेको, सभापति बाहेक पदमा निर्वाचन गर्न सूचना निकालेको, बारम्वार ठाउँ हेरफेर गरेको, समुदाय भित्र झै-झगडाको वातावरण सृजना गरी समुदायमा मिल्ने विषयलाई अदालतसम्म पुऱ्याउने काम गरेको आरोप विश्वासले लगाएका छन् ।

सहज रुपमा थाकसको निर्वाचन गराउन सर्व प्रथम प्रमुख निर्वाचन अधिकृत चौधरीलाई हटाई नयां निर्वाचन मण्डल गठन गरी थारु समुदायलाई एकतावद्ध गर्न निर्वाचन प्रक्रियाबाटै मोरंग जिल्ला कार्य समिति चयन गर्न माग विश्वास समूहले गरेका छन् ।

# आफू प्रहरी हुँ भन्दै लुटपाटमा संलग्न दुई पक्राउ

विराटनगर । आफूलाई प्रहरी हुँ भन्दै एकजनाको मोटरसाईकल रोकी धाकधम्की दिई लुटपाटमा संलग्न रहको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेका छन् ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १२ रानी बस्ने रवि कुमार साह सुडी मोरङको रानीबाट बिराटनगर तर्फ मोटर साईकलमा आउने असोज २२ गते विराटनगर-११ रोडसेस स्थितमा पुग्दा मोटरसाईकलमा पिछा गर्दै आएका तत्काल अपरिचित २ जना मानिसले रवि कुमार साहले चलाई ल्याएको मोटरसाइकल रोकी हामी प्रहरी हौं भनेरे साहको मोटर साईकलमा बसी विराटनगर २ स्थित हनुमान मन्दिर परिषरमा लगि धाकधम्की दिई साहले साथमा ल्याएको नगद समेत राखेको ब्याग लुटी फरार भएको थियो ।

परार भएको सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको टोलीले खोजतलाश गर्दा असोज २४ गत जिल्ला मोरंग विराटनगर महानगरपालिका वडा नं. १ पानी टंकी दिपक तामाङ र असोज २५ गते वडा नं.-४ खार्जीको सुनिल थापालाई विराटनगर महानगर पालिका वडा नं.-१ धनावतपुल नजिक बाटोबाट घटनामा प्रयोग भएको मोटरसाइकल सहित पक्राउ गरिएको छ ।

पक्राउ परेकाहरुको घरकोठा तलासी गर्दा बिराटनगर १ स्थितबाट बा ६७ प २५०४ नं. को रोयल इनफाइल्ड मोटरसाइकल थान १, दिपक तामाङको घरको दराज भित्र लुकाएर राखेको ५ लाख ६५ हजार नगद, कालो रंगको झोला थान १ सो झोला भित्र रविकुमार साहको नागरीकता थान १, रविकुमार साहको नामको बैंकको चेकबुक, एटिएम थान ३, मोवाइल थान १, मोटरसाइकलको ब्लुबुक थान १, र सुनिल थापाको घरबाट ३ लाख बरामद भएको छ ।

पक्राउ परेका दुवैजना उपर थप अनुसन्धान भई रहको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।


हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रामराज पौडेल, प्रमुख प्रशासकीय अधिकृत — कुमारी बिभा यादव, उपाध्यक्ष — बेचन प्रसाद मेहता, अध्यक्ष

देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

शम्भु प्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत — अनिता कुमारी साह, उपाध्यक्ष — आश नारायण चौधरी, अध्यक्ष

गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

तुलाराज थापा मगर, प्रमुख प्रशासकीय अधिकृत — रिमझीम कुमारी भगत, उपाध्यक्ष — गफ्फार अन्सारी मियाँ, अध्यक्ष

हरिनगरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल



हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

श्री कमल देव यादव, प्रमुख प्रशासकीय अधिकृत — श्री नितु कुमार चौधरी, उपाध्यक्ष — श्री जीवन कुमार राय, अध्यक्ष

बर्जु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल

# नवजात शिशु बेपत्ता प्रकरणमा तीन करागार चलान र तीन धरौटीमा रिहा



विराटनगर । जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.९ स्थित ग्रिनक्रस अस्पतालमा सकुशल जन्मिएको नवजात शिशुलाई रकम लेनदेन गरी बेपत्ता प्रकरणमा पक्राउ परेका ६ जना मध्ये तीन जनालाई करागार चलान गरिएको छ भने ती जनालाई धरौटीमा रिहा गरिएको छ ।

सूचनाको आधारमा अनुसन्धान गर्ने क्रममा सो घटनामा संलग्न रहेका ६ जना प्रतिवादीहरु मध्ये ३ जना पुर्पक्षको लागि कारागार चलान र ३ जना प्रतिवादीहरू धरौटीमा रिहा गर्ने मोरंग जिल्ला अदालतले आदेश दिएको छ ।

आदेश अनुसार शिशुको बाबु जिल्ला भोजपुर, हतुवागढी गाउँपालिका वडा नं. ४ बस्ने वर्ष २७ को गोविन्द राई, जिल्ला मोरङ, विराटनगर महानगर पालिका वडा नं. २ घर भई दिपेश मेडिकल हल संचालक बर्ष ६८ को डा. तपेश्वर लाल कर्ण र रकम दिई शिशु लिने जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं.२ बस्ने बर्ष ३० को सुर्य नारायण राजवंशीलाई पुर्पक्षको लागि कारागार चलान भएका छन् ।

त्यसैगरी घटनामा संलग्न जिल्ला मोरङ, बिराटनगर महानगरपालिका वडा नं.९ बस्ने ग्रिनक्रस अस्पतालमा कार्यरत बर्ष ३३ की सुधा राजवंशीलाई २ लाख, जिल्ला सिराहा, कल्याणपुर नगरपालिका वडा नं. १२ वस्ने वर्ष ३८ की निर्मला यादवलाई १ लाख र जिल्ला मोरङ, कटहरी गाउँपालिका वडा नं. २ बस्ने बर्ष ४६ की दिलमाया राजबंशीलाई १० हजार धरौटी माग लिई तारेखमा छाडेको छ ।

उनीहरु उपर अपहरण, व्यक्ति वेपत्ता सम्बन्धि कसुर र एकिकृत कसुरमा मुद्दा दर्ता गराएको सरकारी वकिलको कार्यालय मोरंगले जनाएको छ ।

ग्रिनक्रस अस्पतालका संचालक बर्ष ५५ को कृष्ण खवासको हकमा श्री जिल्ला सरकारी वकिल कार्यालय मोरङबाट मुद्दा नचल्ने निर्णय भई माथवर व्यक्तिको जिम्मा लगाउन भनि निर्देशन प्राप्त भए बमोजिम जिम्मा लगाई पठाईएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

NO SMOKING

# सम्पादक बोहरालाई सम्मान



काठमाडौं । अर्थ सवाल साप्ताहिकका सम्पादक रमेश कुमार बोहोरालाई बिहीबार सम्मान गरिएको छ ।

मिलाप मासिकद्वारा आयोजित विशेष समारोहमा प्रमुख अतिथि रहेका पूर्व उपराष्ट्रपति परमानन्द झाले बोहोरालाई सम्मान गरेका हुन् । नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका कार्यसमिति सदस्यसमेत रहेका बोहोरालाई ‘मिलाप राष्ट्रिय व्यक्तित्व सम्मान २०८०’ बाट सम्मान गरिएको हो । बोहोराले पत्रकारिताको माध्यमबाट समाजमा पुर्याएको योगदानको कदर गर्दै सम्मान गरिएको मिलाप मासिककी कार्यकारी सम्पादक तथा मिलाप फाउण्डेसनकी अध्यक्ष गिता अधिकारीले जानकारी दिइन् । पत्रकार रमेश कुमार बोहोरा बिगत १६ वर्षदेखि निरन्तर पत्रकारितामा सक्रिय छन् ।

बोहोराले कोरोना महामारीका बेला पत्रकार महासंघ काठमाडौंको तर्फबाट पत्रकार हरुलाई राहतका कार्यक्रम सञ्चालन गरेका थिए । उनले कोरोना संक्रमति पत्रकारलाई भेटेर स्वास्थ्य सामग्रीका वितरण गर्नुका साथै अन्य आवश्यक सहयोग पनि गरेका थिए । कोभिड संक्रमति पत्रकारहरुले उपचारका लागि अस्पतालमा भर्ना नपाउँदा उनले विभिन्न अस्पतालहरुमा सम्पर्क गरी अस्पताल पुर्याएर उपचारमा सहयोग गरेका थिए । बोहोरा सधैं नै पत्रकारको मुद्दामा अग्रसर भएर लागेका छन् । काठमाडौं शाखाको साना लगानी तथा स्वरोजगारमूलक मिडिया समन्वय विभाग संयोजकसमेत रहेर काम गर्दै आएका बोहोरालाई मिलाप मासिकका सम्पादक कृष्ण भुसालले दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा आफ्नो क्षेत्रबाट समाजलाई उल्लेखनीय योगदान पुर्याएका अन्य व्यक्तिलाई पनि सम्मान गरिएको थियो ।

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

मनोज कुमार साह, प्रमुख प्रशासकीय अधिकृत | सिता देवी राजवंशी, उपाध्यक्ष | देवराज चौधरी, अध्यक्ष

कटहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

सुरेन्द्र कुमार यादव, प्रमुख प्रशासकीय अधिकृत | हन्ना सोरेन, उपाध्यक्ष | जितेन्द्र प्रसाद साह, अध्यक्ष

जहदा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

दिपेश कुमार भत्र, प्रमुख प्रशासकीय अधिकृत | नसिमा बानो, उपाध्यक्ष | जिवछ प्रसाद गछदार, अध्यक्ष

धनपालथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

हरिप्रसाद भट्टराई, प्रमुख प्रशासकीय अधिकृत | गुणावती देवी थारू, उपाध्यक्ष | जयप्रकाश गच्छदार थारू, अध्यक्ष

ग्रामथानगाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

## जिल्ला...

मात्र कोही कसैलाई अयोग्य मान्न मिल्दैन, त्यो एउटा योग्यता मापन गर्ने मानकसम्म हो । वास्तविक कार्यक्षमता जाँच हुने भनेको त नियुक्ति पछि सम्बन्धित पदको लागि निजले कति वफादारिता साथ नतिजामुखी कार्य गर्दछ भनेर हो ।

तर, व्यक्तिपिच्छे हरेक नियुक्तिप्रति नियुक्तिकर्ता जवाफदेही भने हुनै पर्दछ। यसबाट पाठ लिई अर्को पटक यस्तै भुल दोहोऱ्याउनुहुँदैन। कानुनले दिनु एउटा कुरा जनमानसको नजरमा न्यायोचित देखिनु अझ महत्वपूर्ण कुरा हो ।

जिल्ला न्यायाधीशको परीक्षाको उत्तीर्णाङ्क ५० बाट ४० बनाउनुपर्ने विचाराधीन विधेयकको सवालमा पनि पेचिलो नै छ । जिल्ला न्यायाधीशको नियुक्ति बढी खुल्ला प्रतिस्पर्धाबाट भई योग्य र सक्षम व्यक्ति न्यायाधीश नियुक्ति गर्नुपर्ने संवैधानिक मर्म हो । जिल्ला न्यायाधीशको पद न्यायपालिकाको निर्णय प्रणालीको आधारस्तम्भ भई सोही आधारमा पुनरावेदन तहमा जाँचकी हुने तथा जनताको न्यायमा पहुँच र जनआस्थाको प्रत्यक्ष अनुभव हुने पहिलो थलो रहेकोले योग्य र नैतिक जिल्ला न्यायाधीश समस्त न्याय प्रणालीको खम्बा हुन् ।

संविधानले लिखित परीक्षाबाट नियुक्ति हुनुपर्ने जिल्ला न्यायाधीशको परि-सीमा तोकी कानुन व्यवसायी सहितलाई खुल्ला गरिसकेको छ । यस्तो अवस्थामा जिल्ला न्यायाधीश लाई त्यसभन्दा माथिल्लो अदालतको तहको नियुक्तिमा समेत प्राथमिकता मा राखी प्रधानन्यायाधीश भई नेतृत्व गर्न सक्ने अनुमानयोग्य आधारशिला बनाउनुपर्ने हुन्छ । त्यसैले जिल्ला न्यायाधीशको नियुक्तिको सवालमा थप गम्भीर हुनुपर्दछ ।

संवैधानिक नैतिकता पनि सकभर बढीजसो प्रतिस्पर्धात्मक परीक्षाबाट नै नियुक्ति गराउनुमा रहेको र यसले नियुक्तिलाई विश्वसनीयता र वैधता दिलाउने हुँदा परीक्षा प्रणालीलाई नै सुधार गरी प्रतिस्पर्धीलाई यसैतर्फ उन्मुख र उत्प्रेरित गराउनुपर्ने हुन्छ ।

विगत केही वर्षको जिल्ला न्यायाधीशको परीक्षाको नतिजाबाट प्रणालीगत दोषकै कारणले धेरैले परीक्षा उत्तीर्ण गर्न नसकेको देखिएको र फेरि सोही पदहरूमा न्यायपरिषद्बाट छानी-छानी नियुक्ति हुँदै आएकोले यसले संवैधानिक प्रावधानलाई पनि मृतप्रायः बनाएको पाइन्छ भने न्यायपालिकाको जनआस्था पनि स्खलित हुँदै गरिरहेको छ ।

अहिलेको सम्बन्धित ऐनको प्रावधानले उत्तीर्णाङ्क ५० राखिएको व्यवस्थाले संवैधानिक मर्मलाई नै अप्रत्यक्ष रूपमा धोका दिई संविधान माथि नै जालसाज गरिएको जस्तो देखिन्छ। सकभर अधिकतम नियुक्ति परीक्षाबाट गराइने गरी व्यवस्था गर्नुपर्दछ । तर त्यसो भन्दैमा परीक्षाको गुणस्तरीयतामा सम्झौता गर्नुहुँदैन । अझ जिल्ला न्यायाधीशको लागि चाहिने आवश्यक सीप र ज्ञान जाँच्नको लागि पाठ्यक्रमको विषयगत दायरालाई थप गर्ने तथा फैसला लेखन पत्रमा विषयगत अनुमानयोग्यता समावेश गर्नुपर्छ ।

ऐनको ५० प्रतिशत उत्तीर्णाङ्कलाई संशोधन नगरी नै परीक्षा जाँच गर्ने निकायले आफ्नो निर्देशिका संशोधन गरी विशेष व्यवस्था गर्दा पनि हुने हो । यद्यपि साधारणयता ५० भन्दा कम अंक दिने परिपाटी बसिसकेको अवस्थामा व्यवहारगत आधार कारणबाट अहिलेको जस्तै नतिजा ल्याउन नसक्ला भन्न सकिंदैन ।

अल्बर्ट आइन्स्टाइनले भन्नु भए झैं एउटै तवरले कार्य गरी फरक नतिजा अपेक्षा गर्नु भनेको मूर्खता मात्र हो । संवैधानिक मर्म अनुरूप जिल्ला न्यायाधीशको नियुक्ति होस् भन्नको लागि सोही अनुरूप हालको नतिजा र अनुभव हेरी ऐनमा संशोधन गर्नुपर्छ ।

विधेयकमा प्रस्ताव गरे अनुरूप उत्तीर्णाङ्क ४० प्रतिशत बनाउनु नै बुद्धिमत्तापूर्ण ठहर्छ। यसले संविधानको मर्मलाई कदर गर्नुपर्ने संवैधानिक कर्तव्य परिपूर्ति पनि हुन्छ ।

लेखक उच्च सरकारी वकिल कार्यालय पाटनका उप न्यायाधिवक्ता हुन् ।




## स्वास्थ्य

# कागतीका फाईदै फाईदा

कागती बहुउपयोगी र गुणकारी फल हो । कागतीमा रोगको संक्रमणबिरुद्ध लड्न सक्ने गुण हुन्छ । यसले सेता मान्छेमा रक्तकोष उत्पादन गर्न मद्दत गर्छ र रगतलाइ संक्रमण हुनबाट पनि जोगाउन मद्दत गर्छ । कागती 'एन्टि-अक्सिडेन्ट' भएकाले शरीरमा रहेको विकारलाई निस्क्रिय पारी स्ट्रोक, मुटुरोग र क्यान्सरजस्ता खतरनाक रोग लाग्ने खतराबाट पनि धेरै हदसम्म जोगाउँछ ।

कागतीले ब्लडप्रेसर घटाउँछ, पाचन शक्ति बढाउँछ, राम्रो कोलेस्टेरोल बढाउँछ , भोक जगाउँछ र शरीरमा स्फूर्ति बढाउँछ। यसमा पर्याप्त मात्रामा भिटामिन सी पाइन्छ । दालसँग कागती प्रयोग गर्दा यसले शरीरलाई लौहतत्वको शोषण गर्न मद्दत गर्छ । सधैं कागती खाने घरमा मानिस अन्यको तुलनामा कम बिरामी हुन्छन् भन्ने मान्यता पनि छ ।

कागतीको जुसले छालालाई सुन्दर र कोमल पनि बनाउछ। 'हट लेमन'ले पाचनप्रक्रियालाई सहज र कलेजो सफा पार्छ ।

कागतीको रसले टाउको मालिस गर्दा टाउको दुखेको निको हुन्छ। कपालमा चाया परेको छ भने कागतीको रसले मालिस गर्दा चाया कम हुन्छ ।

वाकवाकी लागेको समयमा कागतीको टुक्रा काटेर चाट्नाले वाकवाकी कम हुन्छ। उच्च रक्तचाप भएका बिरामीले एक चम्चा कागती एक कप पानीमा मिसाएर खाने गर्नाले राम्रो हुन्छ ।

घाँटी दुख्दा वा रुघा लाग्दा उमालेको पानीमा कागती र मह मिसाएर पिउनाले बिमार निको हुन्छ। कागतीको रस

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
मुन्ना भट्ट (प्रमुख)
हरेराम इट्टा उद्योग परिवार, बर्जु गा.पा.-५

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
गोपाल भट्ट (प्रमुख)
लाल इट्टा उवद्योग परिवार, बर्जु गा.पा.-५

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
सेन्चुरी प्लाई इन्डस्ट्रज प्रा.लि
परिवार, बर्जु गाउँपालिका-१, सुनसरी

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
दिल बहादुर गुरूङ (अध्यक्ष)
नेकपा एमाले, बर्जु गाउँपालिका, सुनसरी

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
बद्री प्रसाद यादव (अध्यक्ष)
जनता समाजवादी पार्टी नेपाल
बर्जु गाउँपालिका, सुनसरी

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
कृष्ण संग्रौला (सभापति)
नेपाली कांग्रेस, बर्जु गाउँपालिका, सुनसरी